हरिनगर गाउँपालिका

स्थानीय राजपत्र

**खण्डः** ६ **संख्याः** ४ **मितिः** २०८०/१२/११

**भाग-२**

**हरिनगर गाउँपालिका**

## प्रकोप पिडित राहत वितरण सम्बन्धी मापदण्ड, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८० । १२ । ११

प्राकृतिक र गैर प्राकृतिक प्रकोपमा परेका सर्वसाधारण नागरिकहरु तथा उनीहरुको परिवारलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत वितरण एवम् सहयोगलाई पारदर्शी सरल एवम् विश्वसनीय बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) बमोजिम हरिनगर गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रकोप पिडित राहत वितरण सम्वन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले हरिनगर गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले हरिनगर गाउँपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ सम्झनुपर्छ ।

(ग) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्वलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(घ) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ङ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(च) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्णरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्छ ।

## परिच्छेद – २

## कोषको व्यवस्था

३. **मापदण्ड बमोजिम गर्नु पर्ने:** प्रकोप पिडितलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

४. **कोषबाट व्यहोरिने:** यस मापदण्डमा तोकिए बमोजिम उपलब्ध गराइने राहत सहयोग विपद व्यवस्थापन कोषबाट व्यहोरिने छ ।

## परिच्छेद – ३

## प्रकोप व्यवस्थापनका लागि राहत वितरण

३. **राहत वितरणः** यस मापदण्ड बमोजिम प्रकोप पिडितलाई राहत वितरण गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस, जनप्रतिनिधिको रोहवरमा गरीएको प्रहरीको स्थलगत सर्जमिन मुचुल्का र सिफारिस समेतको आधारमा राहत वितरण समितिको निर्णय बमोजिम देहाय अनुसार राहत सहयोग उपलब्ध गराइनेछ ।

(क) विपद् घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु.२०००० । ०० विस हजार सम्म ।

(ख) विपदमा परी कुनै व्यक्ति बेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा वडा कार्यालयको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघरको नजिकको हकवालालाई रु.२०००० । ०० विस हजार सम्म ।

(ग) कुनै विपदको घटनामा परी कुनै व्यक्तिको घर खाद्यान्न र लत्ता कपडा समेत पुर्ण वा आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालीन राहतका लागि नगद रु.५००० । ०० पाँच हजार वा सो बराबरको खाद्य वा गैर खाद्य सामाग्री उपलब्ध गराउने साथै पुर्ण रुपमा क्षति भएको सन्दर्भमा थप राहतको हकमा समितिको निर्णयानुसार हुनेछ ।

(घ) विपदबाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा अवस्थाका पिडित परावरलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद अधिकतम रु.२५००० । ०० पच्चीस हजार सम्म वा सो बराबरको जिन्सी खाद्य वा गैर खाद्य सामाग्री सामान राहत उपलब्ध गराइनेछ ।

(ङ) कुनै प्रकोपका घटनामा परी घाइते भएका बिरामीहरुलाई उपचारका लागि अस्पताल वा नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्ने घाइते गरीब, असहाय वा आर्थिक अवस्था कमजोर भएको रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको यातायात खर्च भुक्तानी गरिनेछ ।

(च) विपदबाट घाइते भएका कुनै व्यक्तिलाई अस्पतालमा भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरीब, असहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च वापत एक पटकको लागि बढीमा रु.५००० । ०० पाँच हजार सम्म खर्च उपलब्ध गराइनेछ ।

(छ) विपदबाट घरको क्षति भएमा घरको क्षतिको अवस्था हेरी बढीमा रु२०००० । ०० विस हजार सम्म नगद वा जिन्सी सहायता उपलब्ध गराइनेछ ।

(ज) प्राकृतिक प्रकोप वा अन्य प्रकोपका कारण कृषकहरुको अन्न वा बालीनाली वा पशुधन चौपाया नष्ट भएमा प्रहरी मुचुल्का तथा सम्बन्धित वडाको स्थलगत सर्जमिन मुचुल्का र सिफारिस समेत आधारमा बढीमा रु.५०००० । ०० पचास हजार सम्म राहत उपलब्ध गराइनेछ ।

(झ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि हावाहुरी वा चट्याङबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा सम्बन्धित वडाको सिफारिसको आधारमा रु.१०००० । ०० दश हजार सम्म राहत उपलब्ध गराइनेछ ।

(ञ) यस दफा बमोजिम राहत उपलब्ध गराउँदा सम्बन्धित पिडित वा निजको नजिकको हकवालालाई सम्बन्धित वडाको सिफारिस र प्रहरी मुचुल्काको आधारमा उपलब्ध गराइनेछ ।

६. **दीर्घकालीन राहत व्यवस्थापनः** (१) प्रकोपका कारण बसोवास गरीरहेको स्थानमा बसोवास गराउँदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पिडित परिवारलाई सुरक्षित स्थानमा राखि बसोवास गराउनु पर्ने अवस्था भएमा

बसोवास गराइने स्थान, परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी गाउँ विपद व्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ। त्यसरी भएको सिफारिसको आधारमा जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गरी गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) अनुसार पुर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नको लागि गाउँ कार्यपालिका वा गाउँ विपद व्यवस्थापन समितिले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ। यसरी तोकिएको जिम्मेवारी पुरा गर्नु सम्बन्धित वडा समितिको कर्तव्य हुनेछ।

७. **राहतका लागि पेश गर्नु पर्ने कागजातहरुः** (१) यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पिडितले अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(क) नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(ग) वडा कार्यालयको सिफारिस पत्र।

(घ) प्रहरी मुचुल्का प्रतिवेदन।

(ङ) घटनासँग सम्बन्धित तस्विर।

## परिच्छेद – ४
## राहत वितरण समिति

८. **राहत वितरण समितिको गठनः** हरिनगर गाउँपालिका क्षेत्र भित्र प्राकृतिक एवम् गैर प्राकृतिक विपदमा परेका नागरिक तथा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (ग) पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (घ) वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) वातावरण सरसफाइ तथा विपद व्यवस्थापन एकाइ/शाखा प्रमुख | सदस्य–सचिव |

९. **राहत वितरण प्राथमिकताः** राहत वितरण गर्दा पिडित मध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

१०. **राहत वितरणको समय सीमाः** (१) यस मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निवेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्था मिलाई राहत सहयोग उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रकोप पिडित कार्यालयमा आइ राहतका लागि तत्काल निवेदन दिन सक्ने अवस्था नभएको र राहत तत्कालै उपलब्ध गराउन अति आवश्यक भएको अनुगमनबाट देखिन आएमा राहत वितरण समितिको निर्णय अनुसार स्थलगतरुपमै राहत सहयोग उपलब्ध गराइनेछ।

११. **राहत सहयोग उपलब्धः** यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढी पहिरो, आगलागि, भारी वर्षा, असिना, हुरीबतास, महामारी, चटयाङ्ग, शीतलहर, डुवान, खडेरी, सर्पदशं, विषाक्त तथा किटदशं लगायत विपदका कारणबाट भएको प्रभावितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराइनेछ।

१२. **विपदका पिडित परिवारलाई पुनर्स्थापना तथा पुनर्निर्माणः** विपदबाट क्षति भएका घर टहरा निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम इलाका/जिल्ला वन कार्यालय एवम् स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१३. **राहत वितरणमा समन्वय गर्नु पर्ने:** दातृ निकाय, मानवीय सहायता संस्था वा कुनै गैरसरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना गाउँपालिकामा पेश गर्नु पर्नेछ।

१४. **विवरण पेश गर्नु पर्नेः** यस मापदण्ड बमोजिम राहत वितरण समितिको निर्णयबाट वितरण भएको राहतको विवरण गाउँ कार्यपालिकाको बैठकमा प्रत्येक चौमासिक र वार्षिक रुपमा गाउँसभामा अनुसूची–२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

१५. **बाधा अडकाउ फुकाउने अधिकारः** यो मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउनेछ।

**१६. खारेजी र बचाउः** राहत सहयोग सम्बन्धि यस अघि गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची–१

(दफा ७ सँग सम्बन्धित)

राहत माग गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु
हरिनगर गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी

**विषय:** राहत सहयोग उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा मिति ............................ गते ........... बजेको समयमा हरिनगर गाउँपालिका वडा नं. ....................................टोलमा भएको ......................................................................... विपदको घटनाबाट म निवेदकको देहाय बमोजिमको क्षति हुन गएकोले हरिनगर गाउँपालिका प्रकोप पिडित राहत वितरण सम्बन्धी मापदण्ड, २०८० बमोजिम राहत सहयोग पाउन तपसिलको कागजातहरु यसै साथ संलग्न राखि यो निवेदन पेश गरेको छु ।

**क्षतिको विवरण**

१. ......................................

२. ...................................

**संलग्न कागजात**

(क) नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
(ग) वडा कार्यालयको सिफारिस पत्र ।
(घ) प्रहरी मुचुल्का प्रतिवेदन ।
(ङ) घटनासँग सम्बन्धित तस्विर ।

निवेदक/निवेदिका
नाम: .................................
ठेगाना: ...............................

अनुसूची–२

(दफा १४ सँग सम्बन्धित)

हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा सुनसरी
कोशी प्रदेश, नेपाल

चौमासिक/वार्षिक राहत वितरण विवरणको ढाँचा

आ.व.....................

| सि.नं. | राहत प्रदान गरिएको व्यक्तिको नामथर | बाबु/पतिको नामथर | वडा नं. | राहतको विवरण | राहत प्रदान गरीएको रकम वा जिन्सी सामानको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

आज्ञाले,
नाम: तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत